आज मिति २०८१ साल असोज १६ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद कोइरालाज्यूको अध्यक्षतामा बसेको आ.व २०८१/८२ को तेस्रो बैठकमा तपशिल अनुसारको उपस्थिती रह्यो ।

तपशिल

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद कोइराला | नगर प्रमुख | |
| २ | भवानी के.सी | उप प्रमुख | |
| ३ | कर्न बहादुर गुरुङ | अध्यक्ष वडा नं १ | |
| ४ | नविन कुमार श्रेष्ठ | अध्यक्ष वडा नं २ | |
| ५ | अमृत न्यौपाने | अध्यक्ष वडा नं ३ | |
| ६ | कृष्ण प्रसाद अधिकारी | अध्यक्ष वडा नं ४ | |
| ७ | श्रीकाजी गुरुङ | अध्यक्ष वडा नं ५ | |
| ८ | दिनेश बाबु कोइराला | अध्यक्ष वडा नं ६ | |
| ९ | जय राम रेग्मी | अध्यक्ष वडा नं ७ | |
| १० | विजेन्द्र थापा | अध्यक्ष वडा नं ८ | |
| ११ | मनराज गुरुङ | अध्यक्ष वडा नं ९ | |
| १२ | दिपक राज ढकाल | अध्यक्ष वडा नं १० | |
| १३ | ओम बहादुर दुरा | अध्यक्ष वडा नं ११ | |
| १४ | राधा मल्ल | कार्यपालिका सदस्य | |
| १५ | इन्दु अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | भगवती देवी वि.क | कार्यपालिका सदस्य | |
| १७ | राधिका अधिकारी (भट्टराई) | कार्यपालिका सदस्य | |
| १८ | सुकमाया गुरुङ | कार्यपालिका सदस्य | |
| १९ | कृष्ण बहादुर दुरा | कार्यपालिका सदस्य | |
| २० | राजेन्द्र वि.क | कायपालिका सदस्य | |
| २१ | विल बहादुर घर्ती | कार्यपालिका सदस्य | |
| २२ | शिशिर पौडेल | सदस्य सचिव | |

अन्य उपस्थिति:

| | | | |
|---|---|---|---|
| १ | ठाकुरजी तिवारी | उपसचिव | |
| २ | विवेक कुमार पण्डित | प्र. अधिकृत | |
| ३ | कल्पना पौडेल क्षेत्री | ले. अधिकृत | |
| ४ | सुजन मिश्र | सू.प्र. अधिकृत | |

नगर-कार्यपालिकाको मिति २०८१/६/१६ गतेको आ.व २०८१/८२ को तेस्रो बैठकका निर्णयहरु :

**निर्णय नं १**

सुन्दरबजार नगरकार्यपालिकाको मिति २०८१/०५/२७ गते बसेको आ.व २०८१/८२ को दोश्रो बैठकको निर्णयहरुको समीक्षा गरियो । उक्त बैठकमा १२ वटा निर्णयहरु भएकोमा निर्णयहरु कार्यान्वयनको क्रममा रहेको पाईयो ।

**निर्णय नं २**

मिति २०८१ असोज ११ र १२ गतेको अविरल वर्षाको कारण ज्यान गुमाएका व्यक्तिहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाईतेहरुको सिघ्र स्वास्थ्य लाभको कामना गरियो । साथै प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु १ लाख विपद व्यवस्थापन शीर्षकबाट सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

लागत सहभागिता योजना संचालन कार्यविधि बमोजिम कार्यक्रम छनौट, संचालन तथा व्यवस्थापन समितिबाट सिफारिस भई आएका ४३ वटा योजनाहरु छनौट गरि प्राथमिकिकरणका आधारमा First Come First Agreement गर्ने गरी ३० दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

निजि जग्गाको गह्रा सुधारका लागि जग्गा सम्याउने कार्य गर्दा निस्किएका प्राकृतिक श्रोत (ढुङ्गा, गिटी, बालुवा) संकलनका लागि सूचना प्रकाशन गर्ने साथै त्यस्ता प्रकृतिका नदीजन्य पदार्थ संकलन तथा विक्रि वितरणका लागि कार्यविधि निर्माण गर्न तपशिल अनुसार मस्यौदा समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

संयोजक : जय राम रेग्मी
सदस्य : नविन कुमार श्रेष्ठ
सदस्य : श्रीकाजी गुरुङ
सदस्य : विदुर सुवेदी
सदस्य सचिव : अतित खनाल

**निर्णय नं ५**

आर्थिक वर्ष २०८१/८२ मा संघीय सशर्त अनुदान अन्तर्गत शिक्षा तर्फ हस्तान्तरण भई आएको अनुदानमा माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सिकाइ अनुदानका लागि ३४ लाख ६८ हजार रुपैयाँ अनुदान प्राप्त भएको,

शिक्षकको मासिक पारिश्रमिक तथा सुविधा तथा नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मन्त्री स्तरीय निर्णयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ बमोजिम उक्त बजेटबाट ६ जना माध्यमिक शिक्षक व्यवस्थापन गर्न पुग्ने देखिएको,

उपरोक्त कार्यविधि तथा शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम दरबन्दी वा राहत अनुदान गरी शुन्य माध्यमिक शिक्षक भएको विद्यालयलाई ३ जनासम्म, १ जना माध्यमिक शिक्षक भएको विद्यालयलाई २ जनासम्म र २ जना माध्यमिक शिक्षक भएकोलाई १ जना शिक्षक व्यवस्था गर्न अनुदान उपलब्ध गराउन सकिने व्यवस्था रहेको साथै यसरी प्राप्त अनुदानबाट अंग्रेजी वा गणित वा विज्ञान शिक्षक नियुक्त गर्नुपर्ने व्यवस्था रहेको,

उपरोक्त तथ्यहरुका आधारमा १ माध्यमिक दरबन्दी रहेको भारतीसदन माध्यमिक विद्यालयलाई विगतदेखि १ कोटा र १ राहत अनुदान माध्यमिक शिक्षक भएको भविष्य निर्माण माध्यमिक विद्यालयलाई विगतदेखि १ कोटा उपलब्ध गराउँदै आएकोमा यस आर्थिक वर्षमा उक्त विद्यालयहरुलाई १/१ वटा थप कोटा उपलब्ध गराउने साथै २/२ जना माध्यमिक शिक्षक भएका सौभाग्यसदन माध्यमिक विद्यालय र महेन्द्रमन्दिर माध्यमिक विद्यालयलाई १/१ वटा कोटा उपलब्ध गराउन सम्बन्धमा ।

CS CamScanner

**निर्णय नं ६**

सुन्दरबजार नगरपालिका भित्रका जग्गा वर्गीकरणका लागि भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरु, २०८१ सर्वसम्मत रुपमा पारित गरियो ।

**निर्णय नं ७**

यस नगरपालिका वडा नं ५ वडा कार्यालय अर्मार्डी ग्याबिन जालि भर्दा लागेको खर्च बापत रु ५१ हजार ३ सय ९५ रुपैया, खहरे खोला पुल तल ग्याबिन जालि भर्दा लागेको खर्च बापत रु ४६ हजार ५ सय ५२ रुपैया, खहरेखोला, ग्यारदी खोला हुँदै ल्याण्ड फिल साईट जानेबाटो मर्मत गर्दा लागेको खर्च बापत रु ३७ हजार ५ सय रुपैया विपद व्यवस्थापन शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो । साथै विपदका कारण क्षति पुगेका व्यक्तिहरुलाई राहत प्रदान गर्नका लागि प्रत्येक वडालाई रु १ लाखका दरले रु ११ लाख विपद व्यवस्थापन शीर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं ८**

कर्मासाम्पालिङ्ग गुम्बा निर्माणका रु २७ लाख विनियोजन भई आएका तर प्राविधिक लागत ईस्टमेट अनुसार गुम्बा निर्माणका लागि रु ३० लाख लाग्ने देखिएको हुँदा ठेक्का सूचना प्रकाशनका लागि अपुग रकम रु ३ लाखको श्रोत सुनिश्चतता गर्ने निर्णय गरियो ।

**निर्णय नं ९**

सहकारी पाठ्यक्रम निर्माणका लागि तपसिल अनुसार समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

संयोजक : ठाकुर जी तिवारी
सदस्य : विवेक कुमार पण्डित
सदस्य सचिव : राजिव घिमिरे

**निर्णय नं १०**

नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली, छठ पर्व तथा नेपाल सम्वत २०८१ को पावन अवसरमा सुन्दरबजार नगरपालिकावासी सम्पूण महानुभावहरु, देश विदेशमा रहनुहुने बा आमा, दाजुभाइ, दिदीवहिनीहरुमा सुन्दरबजार नगरपालिकाको तर्फबाट सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं ११**

यस नगरपालिका वडा नं ८, भोटेवडार स्थित श्री अकला आधारभुत विद्यालयको खेल मैदान अगाडीको मेसिनरीवालमा अविरल वर्षाको कारणले पुऱ्याएको क्षति न्यूनिकरणका लागि आवश्यक वजेट व्यवस्थापन गरिदिन श्री सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश, पोखरालाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं १२**

यस नगरपालिका वडा नं ८, भोटेवडार स्थित श्री कालिका आमा समुहको सामुदायिक भवन अगाडीको भाग मिति २०८१/०३/०७ गतेको अविरल वर्षाको कारण पहिरो गएकोले सो पहिरो नियन्त्रणका लागि आवश्यक वजेट व्यवस्थापन गरिदिन श्री सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश, पोखरालाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय १३**

यस नगरपालिका वडा नं ५ खहरेमा रहेको तार्कुकोट स्वास्थ्य चौकीले भवन अभावको कारण विद्यालयको जिर्ण भवनबाट सेवा प्रदान गर्दै आईरहेको तर भवन अभावको कारण गुणस्तरीय सेवा प्रदान गर्न नसकेको हुँदा उक्त स्वास्थ्य चौकीको भवन निर्माणका लागि आवश्यक वजेट विनियोजनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय १४

मेघनाथ गौलीको नाति, पदम राज गौलिको छोरा, चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. १४ घर भई हाल गण्डकी प्रदेश, लमजुङ जिल्ला, सुन्दरबजार नगरपालिका वडा नं. १० धुसेनीमा बसोबास गरी आएको श्री भागीरथी देवी निर्माण सेवाका सञ्चालक वर्ष २० को त्रिलोचन गौलीले यस नगरपालिका वडा नं ३ र ४ मा रहेको मिलनबस्तिघाटमा नदिजन्य पदार्थ उत्खननको आह्वान गरेको ठेक्का प्रक्रियामा सम्झौताका लागि जम्मा गरेको धरौटी बापतको रकम र मु.अ.क बापतको रकम फिर्ता पाँउ भनी दायर गरेको मुद्दामा लिखित जवाफ पेश गर्नका लागि यस नगरपालिकामा सामाजिक परिचालक श्री मनहरी सोतीलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय १४

मेघनाथ गौलीको नाति, पदम राज गौलिको छोरा, चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. १४ घर भई हाल गण्डकी प्रदेश, लमजुङ जिल्ला, सुन्दरबजार नगरपालिका वडा नं. १० धुसेनीमा बसोबास गरी आएको श्री भागीरथी देवी निर्माण सेवाका सञ्चालक वर्ष २० को त्रिलोचन गौलीले यस नगरपालिका वडा नं ३ र ४ मा रहेको मिलनबस्तिघाटमा नदिजन्य पदार्थ उत्खननको आह्वान गरेको ठेक्का प्रक्रियामा सम्झौताका लागि जम्मा गरेको धरौटी बापतको रकम र मु.अ.क बापतको रकम फिर्ता पाँउ भनी दायर गरेको मुद्दामा लिखित जवाफ पेश गर्नका लागि यस नगरपालिकामा सामाजिक परिचालक श्री मनहरी सोतीलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।